# नेपाल सरकारका राष्ट्रिय नीति परीक्षण/अध्ययन प्रतिवेदनको ढाँचा

## (Policy Evaluation Framework)

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१. प्रारम्भिक खण्ड (**Preliminary Section**)

- क. **आवरण पृष्ठ (Cover Page):** नीतिको नाम, परीक्षण गर्ने निकाय/मन्त्रालयको नाम, प्रतिवेदन बुझाएको मिति।
- ख. **कार्यकारी संक्षेप (Executive Summary):** नीतिको मुख्य उद्देश्य, परीक्षणको निष्कर्ष, नीतिमा समेटिएका र नसमेटिएका विषयहरु र मुख्य सुझावहरूको संक्षिप्त विवरण ।
- ग. **शब्दसंक्षेप (Acronyms):** प्रतिवेदनमा प्रयोग भएका प्राविधिक वा संक्षिप्त शब्दहरूको सूची।

२. परिचय र पृष्ठभूमि (**Introduction & Background**)

- क. **नीतिको संक्षिप्त परिचयः** नीति निर्माणको मिति, यसको मुख्य लक्ष्य, उद्देश्य र लक्षित वर्ग ।
- ख. **परीक्षणको औचित्य (Rationale):** नीति परीक्षणको आवश्यकता (समय सन्दर्भ, नीतिमा तोकिएको समय वा नियमित परीक्षणका लागि)।
- ग. **परीक्षणको उद्देश्य र क्षेत्र (Objectives & Scope):** नीतिको कार्यान्वयन कार्ययोजनाको कार्यान्वयनको अवस्था यस्को प्रभाव र वित्तीय पक्ष।

३. नीति परीक्षणको विधि (**Methodology**)

नीति परीक्षणलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउन अपनाइएको विधिः

- क. **परीक्षणका सूचकहरू (Evaluation Indicators):** नीति परीक्षण गर्न तय गरिएका गुणात्मक (Qualitative) र संख्यात्मक (Quantitative) सूचकहरू।

  - **गुणात्मक सूचक (Qualitative)**

    १. नागरिक सन्तुष्टिः नीति प्रतिको नागरिक/सरोकारवालाको धारणा

    २. सुशासनः पारदर्शिता, जवाफदेहिता, पूर्वानुमानयोग्यता, जनसहभागिता

    ३. नीतिको दायराः नीतिले समेट्ने क्षेत्र

    ४. जीवनस्तर परिवर्तनः शिक्षा स्वास्थ्य लगायत मानव विकास सूचकाङ्कमा भएका परिवर्तन

श्रीमान् मुख्य सचिवज्यू,

स्वीकृतीको लागि पेश गरेको छु।

मुख्य सचिव

५. समावेशिताः लक्षित वर्ग वा क्षेत्रमा पारेको प्रभाव

६. स्रोत साधनको पर्याप्तताः मानवीय, भौतिक तथा आर्थिक लगायत

७. नीतिको स्वीकार्यताः नीतिले परिकल्पना गरेका कानुनी ब्यवस्थाको तहगत सरकार सँगको सामन्जस्यता र सरोकारवालाको परिपालना

- **परिमाणात्मक सूचकहरू (Quantitative Indicators )**

१. लाभग्राही संख्या

२. उत्पादन वृद्धि

३. रोजगारी सिर्जना

४. राजस्व वृद्धि

५. बजेट खर्च

६. लाभ-लागत अनुपात

**ख. तथ्याङ्क संकलन विधिः**

- *प्राथमिक (Primary):* सरोकारवालासँगको छलफल, लक्षित समूह सर्वेक्षण (Survey), वा लक्षित समूह छलफल (FGD)।
- *द्वितियक (Secondary):* सरकारी प्रतिवेदन, वार्षिक समीक्षा, र तथ्याङ्क विभागको डाटा तथा सान्दर्भिक स्रोतहरु।

**ग. परीक्षणका सीमाहरू (Limitations):** तथ्याङ्क वा समयको अभावका कारण रहन गएका सीमाहरू।

**४. नीति परीक्षणका मुख्य मापदण्ड (Core Evaluation Criteria)**

| क्र.सं. | परीक्षणको क्षेत्र (Criteria) | मुख्य विश्लेषण गरिने प्रश्नहरू (Key Questions) |
|---|---|---|
| १ | प्रासंगिकता (Relevance) | * संविधान, आवधिक योजना र राष्ट्रिय नीतिहरु ।<br>* नीतिले लक्षित वर्गको वास्तविक समस्या सम्बोधन गर्न गरेको प्रयास ।<br>* नीतिको परिवेश । |

सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| २ | प्रभावकारिता (Effectiveness) | * नीतिको तोकिएको लक्ष्य र उद्देश्य हासिल भयो कि भएन र त्यसको अन्तरका विषयहरु ।<br>* लक्ष्य प्राप्तिमा देखिएका मुख्य बाधाहरु र जोखिमहरु । |
| ३ | दक्षता (Efficiency) | * नीति कार्यान्वयनका लागि उपलब्ध स्रोत, साधन र समयको व्यवस्थापन।<br>* लागतको तुलनामा प्रतिफल (Cost-Benefit) को अवस्था । |
| ४ | प्रभाव (Impact) | * नीतिले व्यक्ति, समाज, राष्ट लगाययत अर्थतन्त्र र वातावरणमा पारेको प्रभाव। |
| ५ | दिगोपना (Sustainability) | * सरकारको लगानी वा बाह्य स्रोत प्राप्ति नभएको अवस्थामा पनि नीतिका कार्यक्रम तथा क्रियाकलापको निरन्तरता।<br>* नीतिको दिगो कार्यान्वयनका लागि पर्याप्त स्रोत-साधन, संस्थागत क्षमता, सरोकारवालाको सहभागिता, प्रभावकारी समन्वय तथा नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था। |
| ६ | अन्य नीति सामन्जस्यता (Policy Alignment & Coherence) | संवैधानिक, राष्ट्रिय नीति तथा संघ, प्रदेश तथा स्थानीय तहसँगको तादात्म्यता। |

६. निष्कर्ष तथा प्राप्त उपलब्धिहरू (Findings and Conclusion)

क. सबल पक्षहरू (Strengths): नीति कार्यान्वयनका सफल पक्षहरू वा असल अभ्यासहरू।

ख. कमजोरी तथा चुनौतीहरू (Gaps & Challenges): कानुनी, संस्थागत, वित्तीय र जनशक्ति व्यवस्थापनमा देखिएका मुख्य समस्याहरू।

ग. निष्कर्ष (Conclusion): नीति परीक्षण/अध्ययनबाट प्राप्त निष्कर्ष।

सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

७. सिफारिसहरू (**Recommendations / Way Forward)**

क. तत्काल गर्नुपर्ने सुधार (Short-term)

ख. मध्यकालीन सुधार (Medium-term)

ग. दीर्घकालीन सुधार (Long-term)

८. अनुसूचीहरू (**Annexes)**

क. नीति परीक्षणको कार्ययोजना (Action Plan)

ख. छलफल गरिएका सरोकारवाला तथा विज्ञहरूको सूची

ग. तथ्याङ्क संकलनका लागि प्रयोग गरिएका प्रश्नावली (Questionnaires)

घ. सन्दर्भ सामाग्रीहरूको सूची (References)

सचिव